**गल्याङ् नगरपालिका**

**नगर सभा सञ्चालन तथा कानुन निर्माण प्रकृया सम्बन्धी २ दिने सिकाई अभ्यास कार्यशाला**

१० र ११ जेष्ठ २०८१

# कार्यशाला सम्पन्न प्रतिवेदन

## १ पृष्ठभूमी



नेपालको संबिधानको धारा २२६ बमोजिम स्थानीय तहको कानून निर्माण प्रक्रिया र धारा २२७ बमोजिम गाउँ सभा नगर सभा संचालन सम्बन्धी कार्यबिधि प्रदेश कानून बमोजिम हुने संबैधानिक व्यवस्था बमोजिम यस गण्डकी प्रदेशले २०७५ सालमा नै उल्लिखित कानूनहरु निर्माण गरिसकेको छ । प्रदेशले निर्धारण गरेको उक्त बिधि र प्रक्रिया कार्यान्वयनका सन्दर्भमा विगतमा पालिकाहरुका बीचमा फरक फरक अभ्यास रहेको पाईयो । तसर्थ गल्याङ् नगरपालिकाले कानून निर्माण प्रक्रिया र सभा संचालन बिधिका सम्बन्धमा प्रदेश कानूनले तोकेको प्रक्रिया बमोजिम सिकाई अभ्यास कार्यशाला मिति २०८१ जेष्ठ १० र ११ सम्पन्न गरेको छ ।

## २ कार्यशालाको उद्देश्य

**(क) समग्र उद्देश्य:** नगर सभा सञ्चालन तथा कानुन निर्माणका प्रकृया सम्बन्धमा स्पष्ट पार्दै यसको व्यवहारिक अभ्यासको माध्यमबाट प्राप्त सिकाईको आधारमा स्थानीय तहमा प्रकृयागत रुपमा सभा सञ्चालन गर्न सक्ने बनाउनु ।

**(ख) विशिष्ट उद्देश्यहरु**

- संघीयता र नेपालको संघीयताको संरचनामा स्थानीय तहको व्यवस्थाको विषयमा प्रष्ट पार्ने ।
- स्थानीय तहको विधायिकी र कानुन निर्माण प्रकृयाका र यसको प्रयोगको सम्बन्धमा स्पष्ट गर्ने ।
- नगर सभाको बैठक सञ्चालन प्रकृयाका सम्बन्धमा स्पष्ट पार्दै भुमिका अभिनय मार्फत व्यवहारिक सीप हासिल गर्ने ।

- नगर सभाको कानुन निर्माण प्रकृयाका चरणहरुमा स्पष्ट हुँदै नमुना बैठक मार्फत व्यवहारिक सीप हासिल गर्ने ।
- नगरपालिकामा सभा सञ्चालन तथा कानुन निर्माण प्रकृयाका सम्बन्धमा आगामी कार्ययोजना तयार पार्ने ।

उल्लेखित उद्देश्य प्राप्तिका लागि अनुसुची १ बमोजिमको कार्यतालिका अनुसार कार्यशाला संचालन गरिएको थियो ।

## ३ कार्यशालामा सहभागिता

कार्यशालामा गल्याङ नगरपालिका प्रमुख र नगर सभाका सदस्यहरु र नगरपालिकाका कर्मचारीहरुको सहभिगता रहेको थियो । सहभागीको बिस्तृत विवरण अनुसुची २ मा समावेश गरिएको छ ।

## ४ बिधि

- पुर्व परीक्षण (Pre test)
- पावर प्वाइन्ट/ब्राउन पेपर प्रस्तुती
- समूह छलफल
- भुमिका अभिनय, भिडियो छायाङ्कन
- अन्तरक्रिया
- सिकाइ अनुभव आदान प्रदान

## ५ कार्यशालाका उपलब्धीहरु

- कार्यशालामा नगरपालिका प्रमुख, नगर सदस्यहरु र कर्मचारीहरु गरी जम्मा १०९ जना सहभागी भएका थिए ।
- कार्यशालामा नगरपालिकाले विगतमा गरेका अभ्यासहरुको समिक्षा भएको र आगामी दिनमा प्रदेशको कानून बमोजिम सभा संचालन गर्ने सहभागी नगरपालिकाहरुले प्रतिवद्धता जनाएका छन् ।
- नगरपालिकाले प्रदेश कानून बमोजिमको प्रक्रिया र बिधि बमोजिम यसै बर्षको हिउँदे सभा संचालन गर्ने प्रतिवद्धता गरेका छन् ।

## ६ सिफारिसहरु

- सभा संचालन गर्दा सभामा मर्यादापालकहरुलाई परिचालन गर्दा नेपाली टोपी सहितको सिभिल ड्रेसको व्यवस्थापन गर्न सान्दर्भीक हुन्छ ।
- बसाई व्यवस्थापनका सम्बन्धमा उप प्रमुखलाई सदस्यहरुको पहिलो लाईनमा राख्न उपयुक्त हुन्छ । कतिपय ठाउँमा उपाध्यक्षलाई अगाडी नै राख्नु पर्ने तर्क आएको भएता पनि मताधिकारको प्रयोग गर्नका लागि तल नै राख्न उपयुक्त हुने देखिन्छ ।
- प्रदेश कानूनले तोकेका प्रक्रियालाई कार्यान्वयन गर्न नगरपालिकाले सभा संचालन सम्बन्धी आन्तरिक कार्यबिधि बनाई त्यसमा आवश्यक अनुसुचीहरुको ढाँचा राख्नु पर्ने देखिन्छ । जस्तै बाचन पत्र, प्रस्ताव पेश गर्ने ढाँचा आदि ।
- पढ्न नसक्ने नगर सभाका सदस्यहरुका लागि सभाको सदस्यले रोजेको व्यक्तिबाट आफ्नो कुरा राख्न सक्ने सम्बन्धमा आन्तरिक कार्यबिधिबाट व्यवस्थापन गर्न पर्ने देखिन्छ ।

## ७ निष्कर्ष

समग्रमा यस कार्यशालाले नगर सभा संचालन र कानून निर्माण प्रक्रियामा विगतमा रहेको बिबिधतालाई प्रदेश कानून बमोजिमको बिधि अवलम्बन गर्नका लागि नगरपालिकाको क्षमता विकास गरेको छ । निर्धारित बिधिको अवलम्बन गर्नका लागि नगरपालिकाले प्रतिवद्धता समेत व्यक्त गरेका छन् ।

अनुसुची १

## कार्यक्रम तालिका

| क्र.सं. | कृयाकलाप | समय | जिम्मेवारी |
|---|---|---|---|
| क | **पहिलो दिन** | | |
| १ | सहभागी आगमन, रजिष्ट्रेशन, खाजा | १०:००-१०:१५ | |
| २ | कार्यशाला शुभारम्भ सत्र | १०:१५-११:०० | लेखनाथ पोखेल र झंकर कुँवर |
| | • सहभागीको परिचय<br>• अपेक्षा संकलन | | |
| ३ | पूर्व परीक्षण (Pre-test)<br>• कार्यशालासँग सम्बन्धित २० वटा वहुबैकल्पिक प्रश्नावली मार्फत सहभागीहरुको विषयवस्तुमाथीको बुझाइको पूर्व परीक्षण | ११:००-११:१५ | लेखनाथ पोखेल र झंकर कुँवर |
| ४. | सेशन १: स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट बीचको तादात्म्यता | ११:१५-१२:३० | लेखनाथ पोखेल र झंकर कुँवर |
| ५ | सेशन २: स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट बीचको तादात्म्यता | १२:३० -१:३० | लेखनाथ पोखेल र झंकर कुँवर |
| ६ | खाना ब्रेक | १:३०-२:०० | |
| ७ | सेशन ३: स्थानीय सभा सञ्चालन प्रकृया<br>○ स्थानीय सभाका कार्यहरु<br>○ स्थानीय सभाको बैठक प्रणाली<br>○ सभाको सचिवालय सम्बन्धी व्यवस्था | २:००-३:१५ | लेखनाथ पोखेल र झंकर कुँवर |
| ८ | सेशनः ४ सभा संचालन नमूना अभ्यासको अभिमुखीकरण, भुमिका बाँडफाँड र सभाको पहिलो नमूना अभ्यास | ३:१५-५:०० | |
| ९ | अभिनयको समीक्षा र पहिलो दिनको समापन | ५:००-५:१५ | लेखनाथ पोखेल र झंकर कुँवर |
| | **दोश्रो दिन** | | |
| १ | खाजा, चिया | ८:००-८:३० | |
| २. | पहिलो दिनको पुनरावलोकन | ८:३०-९:०० | सहभागीबाट |
| ३ | सेशन १: स्थानीय तहको कानुन निर्माण प्रक्रिया | ९:००-१०:३० | लेखनाथ पोखेल र झंकर कुँवर |

| क्र.सं. | कृयाकलाप | समय | जिम्मेवारी |
|---|---|---|---|
| ४ | सेशन २: सभाको दोस्रो नमूना अभ्यासको तयारी र अभ्यास | १०:३०-१२:१५ | लेखनाथ पोखेल र झंकर कुँवर |
| ५ | सेशन ३: सभामा सभाका समितिहरुको भूमिका र जिम्मेवारी | १२:१५-१:३० | लेखनाथ पोखेल र झंकर कुँवर |
| ६. | खाना | १:३०-२:०० | |
| ७. | सेसन ४ सहभागीको जिज्ञासा, प्रश्नको सम्बोधन र पुर्व परीक्षण प्रश्नावलीको मूल्यांकन प्रस्तुती | २:००-२:३० | लेखनाथ पोखेल र झंकर कुँवर |
| ८. | कार्यक्रमको समिक्षा र समापन | २:३०- ३:०० | लेखनाथ पोखेल र झंकर कुँवर |
| ९. | सामुहिक तस्विर | | |

अनुसुची २

## कार्यशालाका सहभागीको विवरण

गल्याङ नगरपालिकाको ६० जना सम्पूर्ण नगर सभा सदस्य , नगरमा कार्यरत सम्पूर्ण कर्मचारी तथा वडा कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारी हरु ।

# अनुसुची ३

## कार्यशालाका केहि फोटोहरु







